जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३३ पृष्ठः ४ | २०८३ भदौ ३० मंगलबार (Tuesday 15 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा १२ वर्षपछि खुल्यो गाउँ ब्लकको जग्गा दर्ता

**मणिलाल विश्वकर्मा**

सिरहा, २९ भदौ। जग्गा नापी भएको करिब १२ वर्षपछि सिरहाको गोलबजार नगरपालिका– २ लालपुर वडा कार्यालयले सम्बन्धित व्यक्तिको भोगचलनमा रहेको गाउँ ब्लक जग्गाको साँध सीमाना छुट्याएर निवेदन दिन सातदिने सूचना जारी गरेको छ। गोलबजार–२ वडा कार्यालयले सूचना जारी गर्दै साविक लालपुर गाविस २, ३, ४, ५, ६, ७ र ८ नं. वडाका गाउँब्लक जग्गा भोगचलन गरिरहेका जग्गाधनीलाई सात दिनभित्र वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको हो।

गोलबजार– २ का वडाध्यक्ष सुकदेव सिंहका अनुसार लहानस्थित नापी कार्यालय पुगेर निवेदन दिन अतिरिक्त खर्च र समय लाग्नुका साथै कागजात तयार गर्न व्यवहारिक रुपले झन्झिटलो हुने भएकाले वडा कार्यालयमै निवेदन लिने व्यवस्था गरिएको हो। 'वडाको निरन्तरको समन्वय र पहलमा लहानबाट नापी कार्यालयका कर्मचारीलाई वडामै ल्याएर गाउँब्लक जग्गा दर्ताको प्रकृया अघि बढाउन निवेदन लिन




लागेका हौं,' उनले भने, 'जग्गाधनीको सहजताका लागि वडाले तयार गरेको निवेदनमा सहीछाप गराएर नेपाली नागरिकताको प्रतिलिपी, २ नं. नापी टोलीबाट प्रकाशित सूचना, १० रुपैयाँको टिकटसहित फाइलमा निवेदन लिने व्यवस्था गरेका छौं।' उनका अनुसार २९ भदौदेखि अगामी एक सातासम्म कार्यालय समयमा सम्बन्धित जग्गाधनीबाट भोगचलनमा रहेको गाउँब्लक जग्गा दर्ताका लागि निवेदन लिइँदै छ।

राज्य पुनर्संरचनाअघि आर्थिक वर्ष २०७१/७२ मा साविक लालपुर गाविस अन्तर्गत २ देखि ८ नं. वडासम्म २७ कित्ताको करिब २० बिघा गाउँब्लक जग्गा नापी भएको उनले बताए। उनका अनुसार साविक लालपुर २ को कित्ता नं. ४५ र १०६, वडा नं ३ को १५, १८, २७, ५६ र १५७, वडा नं ४ को १०३ र १०७ नम्बर कित्ता गाउँब्लक जग्गा नापी भएको थियो। त्यस्तै, वडा नं ५ को ५४, ७३, १४७ र १६१, वडा नं ६ को १६, २०, २५, ४० र ११४ नम्बर कित्ता, वडा नं ७ मा १, ६ र ४३ तथा ८ मा ४१, ६५, ७२, ७६, ८५, १४० नं. कित्ता गाउँब्लक जग्गा नापी भएको थियो।

नापी भएको एक दशक बढी बित्दा समेत जग्गाधनी दर्ता प्रकृया अघि नबढ्दा स्थानीय बासिन्दा आफ्नो भोगचलनमा रहेको जग्गाको स्वामित्वबाट बञ्चित हुँदै आएका उनले बताए।

**के हो गाउँब्लक जग्गा ?**

गाउँब्लक क्षेत्रको नापजाँचसम्बन्धी निर्देशिका २०७७ मा गाउँब्लक भन्नाले शुरु नापीको फिल्डबुकमा कित्ता कायम भई गाउँब्लक, गाउँ, शहर, शहरी क्षेत्र, बजार क्षेत्र, बजार, मिनही, डिही, घरबास कोटी, भखारी, स्वबासी, बेनिस्सा, बास जनिएको वा शुरु नापी हुँदा ब्लकभित्र विभिन्न कित्ताहरु कायम भएको र हकभोगमा जनिएको दर्ता हुन बाँकी रहेको क्षेत्र रहेको उल्लेख छ।

निर्देशिकामा दर्ता बाँकी वा फिल्डबुकमा गाउँब्लक जनिने शब्द उल्लेख नभई फिल्डबुक खाली

–बाँकी तीन पेजमा

## लहान सुनचाँदी संघलाई १० धुर जग्गा दिने नगर प्रमुखको घोषणा




लहान, २९ भदौ। लहान सुनचाँदी व्यवसाय संघको १३औं वार्षिक साधारणसभा भव्य रूपमा सम्पन्न भएको छ। संघका अध्यक्ष बसन्त साहको अध्यक्षतामा आयोजित कार्यक्रममा लहान नगरपालिकाका नगर प्रमुख महेश प्रसाद चौधरी प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

कार्यक्रममा नगर प्रमुख चौधरीले लहान सुनचाँदी व्यवसाय संघको संस्थागत विकास र कार्यालय स्थापनाका लागि नगरपालिकाले १० धुर जग्गा उपलब्ध गराउने घोषणा गर्नुभएको छ। उहाँले व्यवसायीको हकहित संरक्षणसँगै संघको संस्थागत विकासमा स्थानीय

–बाँकी तीन पेजमा

## सिरहाबाट ब्राउनसुगरसहित चारजना पक्राउ

लहान, २९ भदौ। सिरहा प्रहरीले गोलबजार नगरपालिकाको बेतौनाबाट ठुलो परिमाणमा कडा खालको मानिने प्रतिबन्धित लागुऔषध ब्राउनसुगरजस्तो पदार्थसहित चारजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विशेष सूचनाको आधारमा गोलबजार–१२, बेतौनाबाट ९७ ग्राम ५३ मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित चारजनालाई आइतबार साँझ पक्राउ गरिएको हो। पक्राउ पर्नेहरूमा स्थानीय करिब २५ वर्षीय मुनेश्वर मण्डल, २६ वर्षीय वीरेन्द्रकुमार साह,



२० वर्षीय अरबिन्दकुमार सिंह र गोलबजार– ६ का ३३ वर्षीय रितेश यादव रहेका प्रहरी निरीक्षक नरेश लिम्बूले जानकारी दिए।

बेतौनाका मुनेश्वरले आफ्नै घरमा लागुऔषध बिक्री–वितरण गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मधेसमा खुल्दैछ प्रविधिको नयाँ बाटो

नेपालमा उच्च शिक्षाको विस्तार लामो समयदेखि हुँदै आए पनि यसको पहुँच र गुणस्तरमा अझै ठूलो भौगोलिक असमानता छ। विशेषगरी प्राविधिक तथा इन्जिनियरिङ शिक्षाको कुरा गर्दा काठमाडौं र केही प्रमुख सहरमा केन्द्रित अवसरले मधेससहित अन्य प्रदेशका विद्यार्थीलाई आफ्नै ठाउँमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सीमित बनाएको छ। यस्तो अवस्थामा मधेस प्रदेशमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना गर्ने सरकारी योजना सकारात्मक र स्वागतयोग्य कदम हो। तर नयाँ भवन र कक्षाकोठा थपेर मात्र यसलाई उपलब्धि मान्नु हुँदैन। क्याम्पसलाई ज्ञान उत्पादन, अनुसन्धान, आविष्कार र नवप्रवर्तनको केन्द्र बनाउन सक्नुपर्छ।

अहिलेको विश्वमा विश्वविद्यालयको भूमिका केवल पाठ्यपुस्तक पढाउने र परीक्षा लिएर प्रमाणपत्र बाँड्ने संस्थासम्म सीमित छैन। विश्वविद्यालयले समाजका वास्तविक समस्या पहिचान गर्नुपर्छ, त्यसको वैज्ञानिक अध्ययन गर्नुपर्छ र समाधानका लागि नयाँ प्रविधि तथा अवधारणा विकास गर्नुपर्छ। मधेसजस्तो कृषि, सिँचाइ, खानेपानी, बाढी, डुबान, सडक, ऊर्जा, सहरीकरण र वातावरणीय चुनौतीसँग जुधिरहेको प्रदेशमा इन्जिनियरिङ क्याम्पस अनुसन्धानका लागि अत्यन्त उपयोगी हुन सक्छ। यहाँका समस्यालाई प्रयोगशालासँग जोडेर विद्यार्थी र प्राध्यापकले स्थानीय आवश्यकता अनुसार प्रविधि विकास गर्न सके त्यसको प्रत्यक्ष लाभ प्रदेशका नागरिकले पाउनेछन्।

सरकारले नयाँ क्याम्पसलाई परम्परागत शिक्षामा सीमित नराखी आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान, आविष्कार तथा व्यावहारिक प्रयोगमा केन्द्रित गर्ने योजना अघि सारेको छ। योजना आफैंमा आकर्षक छ। तर नेपालमा समस्या योजनाको अभावभन्दा बढी कार्यान्वयनको कमजोरी हो। विगतमा पनि धेरै शैक्षिक संस्था खोलिए, भौतिक संरचना निर्माण भए, तर आवश्यक जनशक्ति, उपकरण, प्रयोगशाला र अनुसन्धान बजेटको अभावमा ती संस्था अपेक्षित परिणाम दिन नसकेको उदाहरण प्रशस्त छन्। नयाँ क्याम्पस पनि त्यही नियतिको सिकार बन्न नदिन सुरुदेखि नै स्पष्ट शैक्षिक र अनुसन्धान नीति आवश्यक छ। मधेसमा इन्जिनियरिङ अध्ययन संस्थानको क्याम्पस स्थापना हुनुको अर्को महत्वपूर्ण पक्ष अवसरको समान वितरण हो। पुल्चोक, थापाथली, धरान, चितवन र पोखरामा सञ्चालित आङ्गिक क्याम्पसका कारण ती क्षेत्रका विद्यार्थीले प्राविधिक शिक्षामा अपेक्षाकृत सहज पहुँच पाएका छन्। मधेसमा पनि यस्तै संस्थाको स्थापना भएपछि सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सालगायत जिल्लाका विद्यार्थीले आफ्नै प्रदेशमा अध्ययन गर्ने अवसर पाउनेछन्। आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीका लागि यो अझ महत्वपूर्ण हुनेछ। महँगो आवास, यातायात र बाहिरी सहरमा बस्नुपर्ने बाध्यता घट्दा प्राविधिक शिक्षा थप पहुँचयोग्य बन्न सक्छ।

तर क्याम्पस कहाँ स्थापना गर्ने भन्ने निर्णय पनि राजनीतिक दबाब र पहुँचका आधारमा होइन, शैक्षिक आवश्यकता, भौगोलिक पहुँच र दीर्घकालीन सम्भाव्यताका आधारमा हुनुपर्छ। पर्याप्त जग्गा, यातायात सुविधा, डिजिटल पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, अनुसन्धान केन्द्र र दक्ष जनशक्ति उपलब्ध हुने वातावरण सुनिश्चित गरिनुपर्छ। प्रदेश र स्थानीय तहले पनि यसलाई आफ्नो प्रतिष्ठाको विषय मात्र नबनाई दीर्घकालीन शैक्षिक लगानीका रूपमा लिनुपर्छ।

अझ महत्वपूर्ण कुरा, नयाँ क्याम्पसलाई स्थानीय उद्योग, कृषि, निर्माण क्षेत्र, ऊर्जा तथा प्रविधि व्यवसायसँग जोड्नुपर्छ। विद्यार्थीले कक्षाकोठामा सिकेको ज्ञान वास्तविक परियोजनामा प्रयोग गर्ने अवसर पाउनुपर्छ। स्थानीय तहका सडक, पुल, खानेपानी, फोहोर व्यवस्थापन, सिँचाइ तथा विपद् व्यवस्थापनजस्ता विषयमा विद्यार्थीको अनुसन्धानलाई प्रयोगमा ल्याउन सकिन्छ। यसबाट विद्यार्थीले रोजगारीका लागि मात्र होइन, समस्या समाधान गर्ने दक्ष जनशक्तिका रूपमा आफूलाई विकास गर्न सक्छन्।

नेपाललाई अहिले प्रमाणपत्रधारी जनशक्तिभन्दा सिर्जनशील, अनुसन्धानमुखी र आत्मनिर्भर जनशक्ति आवश्यक छ। त्यसैले मधेसमा स्थापना हुने इन्जिनियरिङ क्याम्पस केवल अर्को शैक्षिक संस्था नबनोस्। यो मधेसका समस्या बुझ्ने, समाधान खोज्ने र नयाँ प्रविधि जन्माउने प्रयोगशाला बनोस्। सरकारले बजेट, दक्ष प्राध्यापक, अत्याधुनिक प्रयोगशाला र अनुसन्धानका लागि नियमित स्रोत सुनिश्चित गर्नुपर्छ। विश्वविद्यालयले पनि प्रशासनिक झन्झट घटाएर अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्छ। मधेसमा इन्जिनियरिङ क्याम्पस स्थापना हुनु अवसर हो, तर त्यसलाई उपलब्धिमा बदल्ने जिम्मेवारी सरकार, विश्वविद्यालय, प्रदेश र स्थानीय तह सबैको हो। क्याम्पस खोल्नु पहिलो पाइला मात्र हो त्यसबाट ज्ञान, अनुसन्धान र आविष्कार उत्पादन गर्नु वास्तविक सफलता हो। नयाँ क्याम्पसले मधेसका विद्यार्थीलाई आफ्नै प्रदेशमा शिक्षा दिने मात्र होइन, मधेसबाट देशका लागि नयाँ इन्जिनियर, अनुसन्धानकर्ता र आविष्कारक जन्माउने वातावरण बनाउन सके मात्र यसको सार्थकता प्रमाणित हुनेछ।

# बालदिवसको नयाँ संकल्प : विपत्‌मा बाल संरक्षणको सुनिश्चितता र बालबालिकाको लागि जलवायु न्याय

**मिलन घरेल**

रसुवा बाढीबाट भएको विध्वंस र सिर्जित जनधनको क्षति तथा उत्पन्न विपत्‌को सम्बोधन विश्वव्यापी रूपमा चासोको विषय रहन पुग्यो। विश्व पर्यावरण र जलवायु परिवर्तनका विषयविज्ञ र अभियन्ता, भू-राजनीतिका विश्लेषक, मानवीय संकट व्यवस्थापनमा सक्रिय व्यक्तिहरू सबैले रसुवा बाढी र यसको प्रभवालाई नियाल्ने प्रयत्न गरे। यद्यपि, बालबालिकाका चासो, सरोकार, अधिकार, न्याय र संरक्षणका विषय भने फेरि पनि कल्याणकारी पपुलिस्ट अवधारणाबाट र मूलतः राहत र सहयोगापेक्षी मानवको सन्दर्भमा मात्र चिन्तन मनन भएको पाइन्छ।

विपत्‌ले आमरूपमा प्रभावितहरूलाई सहयोगापेक्षी समूहको वर्गमा उतारे पनि यसको अधिकारमुखी दृष्टिकोण र चर्चा हुन जरुरी छ। प्रभावित बालबालिका केवल सहयोगापेक्षी समूह मात्र होइनन्, प्रभावित समुदायका एक जीवन्त हिस्सा हुन्। उनीहरूको व्यक्तित्व, अधिकार, पहिचान, न्याय र सुरक्षाका विषय सोहीअनुसार छलफल हुन जरुरी छ। ६२औँ बालदिवस 'बालपनको रक्षा, भविष्यको सुरक्षा' भन्ने सरकारी नाराका साथ मनाइरहँदा बालपनको रक्षा मात्र होइन, बालपनको स्विकारोक्ति, पहिचान र भविष्यको सुरक्षा मात्र होइन, वर्तमानको सम्बोधन अझ गहन बनेको छ। ६२औँ राष्ट्रिय बालदिवसको सन्दर्भमा बालबालिकाको लागि जलवायु न्याय, बाल संरक्षण र बालबालिकाको नागरिक राजनीतिक अधिकारलाई विपत्‌को सन्दर्भमा विश्लेषण गर्ने प्रयत्न यस लेखमा गरिएको छ।

गत सातासम्मको उपलब्ध तथ्यांकलाई अध्ययन गर्दा भोटेकोसी, त्रिशुली नदी तटिय बस्तीहरूलाई विनाश गरेको बाढीले २२ हजारभन्दा बढी बालबालिकालाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ। यसका अतिरिक्त बेपत्ता र मृत्यु भएका व्यक्तिहरूको संख्या, प्रभावित क्षेत्रमा भएको विद्यालय, स्वास्थ्य संस्था, आवास, सडक, यातायात, सञ्चार, खानेपानी तथा सरसफाइलगायतका भौतिक पूर्वाधारहरूमा पुगेको क्षतिले निम्त्याएको संकट अत्यन्तै गम्भिर र चुनौतीपूर्ण रहेको छ। पछिल्लो समय थपिएको अर्को चुनौती विपत्‌रु पर्यटन, विपत्‌रु पपुलिज्म र अनियन्त्रित सामाजिक सञ्जालको बाढी रहेको छ। विपत्‌ले पुर्‍याएको क्षतिप्रति भावनात्मक संवेदनासहित राहत संकलन र वितरणका स्वतःस्फुर्त अभियानहरू आफैँमा सक्रिया सामुदायिक ऐक्यबद्धताको उदहारण हो, तर संकलन भएको राहत सामग्रीको वितरण, व्यवस्थापन, पारदर्शीता र त्यसको प्रचारप्रसार तथा त्यसको जसलिने होडबाजी भने विपत्‌रु आचारसंहिता र नैतिकताविपरीतका कार्यहरू हुन्। अझ राज्यका महत्त्वपुर्ण जिम्मेवारीमा रहेकाहरू नै विपत्‌रु पर्यटन गर्दै सामाजिक सञ्जालमा देखाएका हर्कतहरू आफैँमा लज्जास्पद छन्।

विपत्‌का समयमा भएको मानवी संकट, प्रभावित समुदायका समस्याहरूलाई उजागर गर्नु सञ्चार माध्यमको कर्तव्य हो। तर, सामाजिक सञ्जालमा छरिएका बग्रेल्ती व्यक्ति लाञ्छित समाचारहरू, भिडियोहरू र रिलहरू र त्यसबाट हनन भएको व्यक्तिगत गोपनियता र मर्यादित व्यवहार तथा सम्बोधनको विषय भने गम्भीर बनेको छ। बालबालिकाको हकमा, उनका तस्वीर, सूचना र अवस्थाबारे जानकारीहरू बाहिरिँदा ओसारपसार, अनधिकृत संरक्षण तथा अनधिकृत संस्थाकरणका समस्याहरू बढ्ने जोखिमता देखिएको छ। यद्यपि, सरकारले बालबालिकाको अनधिकृत ओसारपसारलाई नियन्त्रण गर्न केही नीतिगत निर्णयहरू गरेको त छ, तर त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनमा भने सन्तुष्ट हुने ठाउँ छैन।

यस सन्दर्भमा के हुनुपर्छ ? र के गर्न सकिन्छ ? जसले बालबालिकाको न्याय, पहिचन, संरक्षण र उनीहरूको तत्कालीन आवश्यकताको सम्बोधन गर्न सक्छ ? आजको मुख्य प्रश्न रहेको छ। यस सन्दर्भमा विपत्‌रु सम्बोधनमा गर्नुपर्ने र गर्न सकिने तत्कालीन कार्यहरू, बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनमा लिइनुपर्ने राज्य दृष्टिकोण र विपत्‌का कारणहरूका सन्दर्भमा सुनिश्चित गरिनुपर्ने न्यायोचित व्यवस्थालाई मुख्य स्तम्भको रूपमा लिन सकिन्छ।

विपत्‌रु सम्बोधनमा गर्नसकिने र गर्नुपर्ने कार्यहरू अन्तर्गत मूलतः राहतकेन्द्रीत अन्यौलताबाट माथि उठ्न जरुरी छ। हरेक विपत्‌मा पहिलो कार्य जीवन रक्षा हो। सुरक्षित स्थानान्तरणको सुनिश्चितता सँगसँगै बालबालिकाको लागि आवश्यक न्यूनतम आवश्यकता नाना, खाना, छानासँगै बिर्सनै नहुने विषय हो औषधि र संरक्षण व्यवस्थापन। विशेषगरी होल्डिङ सेन्टरमा देखिएको व्यवस्थापकीय अस्तव्यस्तता, किशोरीहरूको सुरक्षा असंवेदनशीलता र त्रासदीपूर्ण घटनाबाट उम्किएका बालबालिकाको मनोदशाको सम्बोधन तत्कालै गर्ने सन्दर्भ, टेन्ट, खाद्यान्न तथा लत्ता कपडाको राहतका सामु नजरअन्दाज गर्न मिल्ने विषय होइन।

तसर्थ, राहतसँगै संरक्षण सुनिश्चितता पहिलो शर्त हो। यसका लागि बालबालिकासँगै परिवारबाहेकका व्यक्तिहरूको सम्पर्क, संवाद र सम्बन्धलाई नियन्त्रित गर्ने, लैंगिक संवेदनशील बसाइ व्यवस्थापन गर्ने, राहत प्रादन गर्ने व्यक्ति, संस्था समूहलाई अनिवार्य आचारसंहिताप्रति सचेत बनाउने र त्यसको पालनामा कडाइ गर्ने, राहत तथा उपलब्ध सामग्रीको पहुँचमा बालबालिकाको पहुँच सहजीकरण, प्राथमिकीकरण गर्न जरुरी छ।

यस सन्दर्भमा विशेषगरी बालबालिकाको मनोदशा सम्हाल्नका लागि उत्थानशीलताका गतिविधिहरू सँगसँगै सञ्चालन गर्नुपर्छ। यस्ता गतिविधिहरू बालमैत्री र बाल संवेदनशील दक्ष व्यक्तिहरूबाट अन्तरक्रिया, संवाद, मनोविमर्श, सामूहिक क्रियाकलाप, सांस्कृतिक उपचारात्मक गतिविधि, योग व्यायमजस्ता कार्यहरू गर्न सकिन्छ। विपत्‌प्रभावित क्षेत्रका बालबालिकाको तस्वीर, भिडियो वा यस्तै श्रव्यदृश्य सामग्री बनाउने, अध्ययन अनुसन्धानका नाममा व्यक्तिगत विवरणहरू बारम्बार संकलन गर्ने कार्यलाई एकद्धार समन्वय प्रणालीबाट गरिनुपर्छ।

विपत्‌का कारण बालबालिकाको सम्बोधन गर्नैपर्ने महत्त्वपुर्ण विषय भनेको पारिवारिक बिछोड भएका बालबालिकाको संरक्षण व्यवस्थापन हो। विपत्‌को अवस्थामा बालबालिका अस्थायी वा दीर्घकालीन रूपमा नै परिवारबाट अलग हुन सक्छन्। मूलतः अभिभावकको मृत्यु, बेपत्ता भएका कारण टुहुरा हुन पुगेका बालबालिकाको संख्या रसुवा बाढीमा उल्लेखनीय हुन सक्छ।

रसुवा बाढीको सन्दर्भमा बालबालिकाहरू अस्थायी रूपमा परिवारबाट अलग हुनुपर्ने अन्य कारणहरू पनि रहेका छन्। सुरक्षित आवासको सुनिश्चितता नभएको अवस्था, पारिवारिक आर्थिक संकट गहिरिएको अवस्था वा विद्यालयसम्मको आवागमन अवरुद्ध वा जोखिमपूर्ण भएको अवस्थामा पनि बालबालिका परिवारबाट अलग हुन सक्ने सम्भावना हुन्छन्। यसरी परिवारबाट अलग भएका वा अलग हुने जोखिममा रहेका बालबालिकाको सन्दर्भमा हाम्रो राज्य प्रणालीले स्थापित गरेको स्थानीय तहको बालअधिकार प्रणाली र संयन्त्रलाई सक्रिय र जिम्मेवार बनाउन जरुरी हुन्छ। आवश्यकता र औचित्यताको पर्याप्त पुष्टिका साथै उपयुक्तताको पालना, सर्वोत्तम हितको निर्धारण र स्थायित्वको सिद्धान्तको मान्यतामा आधारित रहेर मात्र आधिकारिक रूपमा बालबालिकालाई अस्थायी वा स्थायी वैकल्पिक स्याहारमा व्यवस्थापन गर्न जरुरी छ।

संस्थागत स्याहारका सन्दर्भमा पनि बालबालिकालाई स्थानीय बसोबासको ठाउँबाट अलग गरी काठमाडौं वा अन्य शहरमा संस्थाकरण गर्ने भन्दा पनि सोही क्षेत्रमा रहेका ठूला सामुदायिक विद्यालयलाई आवासीय विद्यालयको रूपमा विकास गरी परिवारबाट अलग भएका बालबालिकाको संस्थागत संरक्षण र व्यवस्थापन गर्न सकिन्छ। उत्तरगया गाउँपालिकाले लिएको पहलकदमी यस सन्दर्भमा उदाहारणीय छ।

बालबालिका परिवारबाट अलग हुँदा वा वैकल्पिक स्याहारमा लगिरहँदा हुन सक्ने सम्भावित क्षति र अधिकार उल्लंघनलाई रोक्न जरुरी छ। बालबालिकालाई अनौपचारिक प्रणालीबाट जथाभावी बालगृहमा ओसारपसार गर्ने, संरक्षक बन्छु भनी व्यक्ति परिवारले कुनै वैधानिक प्रक्रियाबिना लैजाने परिस्थितले बालबालिका शोषणमा पर्ने सम्भावना प्रबल रहन्छ। तसर्थ, सम्बन्धित स्थानीय तहले विपत्‌प्रभावित बालबालिकाको कानुनी पहिचान, राष्ट्रियता, पारिवारिक लगत विवरण र भविष्यको नागरिकताको प्रमाणपत्रको आधार सुनिश्चित गर्ने एवं उसको पैतृक सम्पत्तिको विवरण र लगतसमेत संकलन र सुरक्षित गरी गर्न जरुरी हुन्छ। यसो गर्दा स्थानीय तहले एकातर्फ बालबालिकाको सर्वोत्तम हितको कार्यान्वयन, सुरक्षाको सुनिश्चितता, पहिचान सम्पत्ति र आर्थिक अधिकारको सम्मानका साथै पारिवारिक सम्पर्क र सम्बन्धलाई जीवन्त राख्न मद्दत गरेको ठहर्छ। सामाजिक सञ्जालको भाइरल एडप्सन र संरक्षण कार्यलाई तत्काल नियन्त्रण र निषेधित गरिनुपर्छ।

विपत्‌का समयमा मानिसको संवेदनाको लाभ उठाउने समूह सक्रिय हुने सम्भावना अत्यन्तै धेरै रहन्छ। यस्तो परिवेशमा ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, बालबालिका, महिलाको छवी, विवरण र पहिचानको दुरुपयोग गरी निश्चित आर्थिक लाभका प्राप्त गर्ने अभ्यासहरू विगतमा देखिएका छन्। व्यक्तिगत गोपनियताको अधिकारसम्बन्धी कानुनको व्यवहारिक कार्यान्वयन गर्दै कुनै पनि बाढीप्रभावित बालबालिकाको एकल तस्वीर, कथा, विवरणलगायतका सूचनाहरू आर्थिक संकलन गर्ने उद्देश्यले उपयोग गर्न निषेध गरिनुपर्छ। गैससहरूले यस सन्दर्भमा प्रयोग गर्ने विवरण र सूचनाहरू राष्ट्रिय तथ्यांकमा आधारित र सरकारले सार्वजनिक गरेका तस्वीरहरूको मात्र प्रयोग गर्न र मानिसलाई व्यक्तिगत वा सामूहिक रूपमा लाञ्छित गर्ने, विचरा कमजोर चित्रित गर्ने तस्वीरको प्रयोग नगर्न नगराउन कानुनी मापदण्ड लागु गरिनुपर्छ।

विपत्‌प्रभावित बस्ती तथा समुदाय निश्चित अवधिका लागि सुरक्षित बासका दृष्टिले रैथाने स्थाहरूबाट विस्थापित गरी अन्यत्र स्थापना गर्नुपर्ने बाध्यता रहन सक्छ। यसरी अन्यत्र स्थापना गरिएका बस्तीहरूमा विशेषगरी बालबालिका र महिला गम्भीर जोखिममा पर्ने गरेको विगतले देखाएको छ। सारिएका बस्ती तथा

–बाँकी तीन पेजमा

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०५। २९**

श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह, धनगढीमाई न.पा.–१४, सिराहाको वनबाट उत्पादन भई धनगढीमाई न.पा.–१४ स्थित पूर्वमा सा.ब. क्षेत्र, पश्चिममा भालु खोला, उत्तरमा बाटो र दक्षिणमा महाजनी खोला यति चारकिल्ला भित्र घाटगद्दी गरि राखिएको खयर जातको गोलिया थान ७९४ गोटाको जम्मा ५२६.९८ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह**
**धनगढिमाई न.पा.–१४. सिराहा**

# विवाद मिलाउन मधेश प्रदेशमा रास्वपाको विशेष टोली परिचालन

काठमाडौँ, २९ भदौ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेशको विवाद मिलाउन विशेष टोली बनाएर खटाएको छ। रास्वपाको प्रथम महाधिवेशन गत असार दोस्रो साता चितवनमा सम्पन्न भएको थियो। तर मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेकका अन्य सात वटा जिल्लामा अफैसम्म अधिवेशन हुन सकेको छैन। यस सन्दर्भमा रास्वपाले विशेष टोली परिचालन गरेको हो।

यही भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले पार्टीका सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो। उक्त समितिले स्थलगत रूपमै पुगेर छलफल र संवाद गरिरहेको छ। सहमहामन्त्री हरि ढकाल नेतृत्वको अडिट समितिमा नेताहरू सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य रहेका छन्।

अडिट समितिले समितिले पर्सा जिल्लाबाट छलफल सुरु गरेको थियो। पर्साबाट बारा, रौतहट, सर्लाही, जनकपुर र महोत्तरीमा अडिट सम्पन्न गरेको छ। सोमबार सप्तरीमा छलफल छ। सात वटै जिल्लामा छलफल गरेर संगठन अडिट गर्दै विवाद समाधानको उपायसहित विशेष टोली काठमाडौं फर्किनेछ। रास्वपाका एक नेताका अनुसार, सांसद र संगठन बिचको रस्साकस्सीले मधेशमा अधिवेशन सम्पन्न गर्न नसकिएको हो। यसपछि चितवनमा सम्पन्न महाधिवेशनमा मधेशका पर्सा जिल्ला बाहेक अन्य जिल्लाहरूको पुरानै प्रतिनिधिहरूले सहभागीता जनाएका थिए।

पर्सामा समेत समन्य विवादपछि तोकिएको दिन भन्दा एक दिन ढिलोगरी अधिवेशन भएको थियो। पर्सामा पनि निर्वाचित सांसद र संगठनबीच रस्साकस्सी भएको थियो। प्रतिस्पर्धामा भने तत्कालीन जिल्ला सभापति हरि पन्त विजयी भएका थिए। बाँकी जिल्लाको अधिवेशन गराउने गरी रास्वपाले विवाद समाधानका लागि काम गर्दैछ। यस निम्ति रास्वपाको केन्द्रीय समितिले नै सहमहामन्त्री ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको हो।

यो विशेष टोलीले हाल उक्त स्थलगत रूपमै छलफल र संवाद गरिरहेको छ। टोलीका एक सदस्यका अनुसार सप्तरीमा छलफल सकाएर बुधबार काठमाडौं फर्किने तयारी छ। त्यसपछि रास्वपा सभापति रवि लामिछाने मधेश प्रदेश जाने तयारी छ। त्यसक्रममा सभापति लामिछानेले विशेष टोलीले पहिचान गरेको समस्या र सुझाएको समाधानको उपाय समेतका आधारमा मधेशको विवाद समाधानका लागि पहल लिनेछन्।

## *बालदिवसको ...*

अस्थायी बसोबास व्यवस्थापनका सन्दर्भमा मूलतः बालबालिका र महिला, स्थानीय समुदायसँगको द्वन्दमा पर्न सक्ने, हेपाइ र लाञ्छनाको सिकार हुने, विद्यालय तथा सार्वजनिक स्थानमा विभेदको सिकार बन्ने र बसोबास तथा दैनिक खर्च धान्न वैकल्पिक रोजगारीका अभावमा बालश्रम, बाध्यकारी श्रम, यौन शोषणजस्ता कार्यहरूमा प्रयोग गरिन सक्छन्। अर्कोतर्फ कानुनी पहिचान, आफ्नो थातथलोमा रहेको व्यक्तिगत सम्पत्तिको संरक्षणका विषयहरू नजरअन्दाज हुन सक्छन्। यसरी बस्ती सारिएका वा अस्थायी बस्तीमा व्यवस्थापन गरिएकाहरूका हकमा स्थानीय तह र राज्य प्रशासनले यसतर्फ थप संवेदनशील हुन जरुरी छ।

माथि चर्चा गरिएका जोखिमको अवस्था मापन गर्न र आवश्यक सम्बोधनका रैथाने उपाय पहिचान गरी कार्यान्वयन गर्न त्यति सजिलो छैन। यसका लागि तथ्यगत र वस्तुगत विश्लेषण र अध्ययनको आवश्यकता पर्छ। विशेषगरी विपत्मा द्रुत आवश्यकता अध्ययनले बालबालिकाको सुरक्षा, संवेदनशीलता र बालमैत्री परिवेशका विषयमा पर्याप्त ध्यान दिन सकेको देखिँदैन। तसर्थ, तत्कालै विपत्प्रभावित स्थलहरूमा बाल प्रभावको अवस्था अभिलेखीकरण, जोखिमताहरूको नक्शांकन र मापन तथा सम्भावित संरक्षण, सुविधाका उपायहरूको पहिचान स्पष्ट गर्न जरुरी हुन्छ। यसका लागि विपत्मा बाल प्रभाव अध्ययनको कार्य गर्न ढिलाइ भइसकेको छ। यस अध्ययनले केवल विद्यमान विपत्मा बालबालिकाको सम्बोधनका लागि मात्र आधार प्रदान गर्दैन, बरु भविष्यमा बालमैत्री र बाल संवेदनशील विपत्रु सम्बोधनका ढाँचाहरू तयार पार्न, बाल न्यायका लागि पर्याप्त वस्तुगत प्रमाणहरू उपलब्ध गराउन र नागरिकमा पारदर्शीतासहित उपलब्धिहरूको लेखाजोखा गर्न समेत सहयोग पुग्छ।

बालबालिकाका लागि विपत्रु सम्बोधन एवं जलवायु संकटका विषय केवल तत्कालीन राहत, पुनर्निर्माण र पुनर्लाभका विषय मात्र होइनन्, बालअधिकारका दृष्टिले विपत्रु सम्बोधन, जलावायु संकट र न्यायको विषय बालबालिकाको नागरिक र राजनीतिक अधिकारका विषय हुन्। वयस्क नागरिक शासित र नेतृत्व रहेको स्थानीय, राष्ट्रिय र विश्व व्यवस्थाले बालबालिकालाई स्वतन्त्र नागरिक एवं राजनीतिक पात्रका रूपमा स्वीकार गर्न सकिरहेको छैन। बालअधिकार महासन्धिले बालबालिकालाई राज्य व्यवस्थामा राजनीतिक सौदाबाजी गर्न सक्षम नागरिक हैसियतसहितको व्यक्तित्वको रूपमा स्वीकार गरेको छ। अभिभावकलाई हेरचाहकर्ता र वृत्तीविकासका सहजकर्ता एवं मार्गदर्शकको रूपमा उल्लेख गर्दै महासन्धिले बालबालिकालाई राज्यसँग प्रत्यक्ष सम्पर्क, संवाद, सहभागिता र सौदाबाजी गर्ने सक्रिय सामाजिक सदस्यको रूपमा उल्लेख गरेको छ।

यस अर्थमा जलवायु संकट, विपत्रु व्यवस्थापनका विषय केवल कलयाणकारी, राहत, सुविधा र संरक्षणका विषय मात्र नभई स्वयम् बालबालिकाको बालबालिकाको समान र मर्यादित नागरिक हैसियतको पहिचान र राजनीतिक सहभागिताको सुनिश्चितताको विषयको रूपमा समेत हेरिन जरुरी छ। स्थानीय र राष्ट्रियस्तरमा बालबालिकाका भोगाइ, उनीहरूको अनुभव र अनुभूति, आवश्यकता, माग र सचेत चाहनालाई स्थानीय विपत्रु व्यवस्थापनको आवश्यकता पहिचान, योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा अभिन्न अंगको रूपमा समावेश गरिनुपर्छ। यस सन्दर्भमा स्वयम्रु बालबालिकाले गर्नसक्ने स्वयम्सेवा, योगदान र उनीहरूको सक्रिय सहभागितालाई समेत उल्लेख गरिनुपर्छ। बालबालिकालाई केवल निष्क्रिय, कमजोर राहतापेक्षी व्यक्तिका रूपमा हेरियो भने वयस्क निर्देशित योजनाहरू निर्माण हुनेछन्, जसले बाल संवेदनशीलता र बाल आवश्यकता, बालबालिकाको सक्षमता, सम्भाव्यता र उत्थानशीलतालाई पूर्णतया निषेध गरिदिन सक्छ, जुन बालअधिकार, सन्तुलित समावेशी विकास, लोकतान्त्रिक अभ्यास र मान्यताविपरीत छ।

बालबालिकाको नागरिक तथा राजनीतिक सहभागिता केवल स्थानीय र राष्ट्रियस्तरमा मात्र होइन, जलवायु न्याय र विश्व व्यवस्थामा हुने सौदाबाजीहरूमा समेत हुन जरुरी छ। नेपालजस्ता जलवायु संकट प्रभावित मुलुकहरूले यस देशका बालबालिकाको आवाजलाई विश्वमञ्चमा सुनुवाइ गर्न सहजीकरण गर्न जरुरी छ। प्रधानमन्त्री स्वयम्ले विश्वमञ्चमा नेपालको तर्फबाट अनुभूति र अनुभव राखिरहँदा हाम्रा बालबालिकाको आवाज र भोगाइलाई समावेश गर्न जरुरी छ। प्रधानमन्त्रीले रसुवा बाढी प्रभावित बालबालिकासँग प्रतिनिधिमूलक संवाद मात्र गर्न सकेमा उहाँले सायद थप नयाँ अनुभव, दृष्टिकोण र मागहरूका बारेमा जानकारी पाउन सक्नुहुनेछ। साथै, बालबालिकाले राज्य व्यवस्थामा आफ्नो प्रतिनिधित्व र सहभागिता रहेको अनुभूति गर्न पाउनेछन्। विश्वव्यापी जलवायु न्यायमा बालबालिकाको आवजको सुनुवाइ, बालबालिकाको सक्रिय सहभागिता र जलवायु कोषमा बालबालिकाको समान पहुँचलाई विश्व राजनीतिक एजेन्डा बनाउनु आजका बालअधिकारकर्मी, अभियन्ता, राजनीतिक नेतृत्वको पनि दायित्व हो। यसले मात्र बालबालिकाका लागि जलवायु न्यायको सुनिश्चितता हुन सक्छ।

अन्त्यमा, नेपालले रसुवा बाढीको संकटबाट अन्तर्राष्ट्रिय मञ्चमा उभिने बलियो आधार प्राप्त गरेको छ। यस बाढीले गरेको विश्व ध्यानाकर्षणले नेपालको आवाजको विश्वमञ्चमा सुनुवाइ हुन सक्ने सम्भावना बढेको छ। स्वयम्रु प्रधानमन्त्री संयुक्त राष्ट्रसंघको सभामा सहभागी हुने र जलवायु संकट र न्यायोचित विश्व सहकार्यका लागि माग गर्ने सन्दर्भ रहेकोमा प्रधानमन्त्रीको मागमा बालबालिकाको सवाल, भोगाइ र चाहना प्रतिविम्बित हुन जरुरी छ। पर्यावरणीय न्याय र सम्बोधन वर्तमान भौतिक पूर्वाधार र अर्थ प्रणालीमा भएको क्षतिको विषय मात्र नभई भविष्यको पुस्ताको लागि, भविष्यको सार्वभौमिकताको सुनिश्चितताको लागि बालबालिकाको राजनीतिक पहिचान, माग र भूमिकासहित हिस्सेदारीको दाबी गर्नु पनि हो। पर्यावरणीय न्यायको माग विश्व भूगोल र पर्यावरणको आगामी पुस्तालाई सुरक्षित हस्तान्तरण गर्ने दायित्वसँग जोडिएको विषय पनि भएकोले यस ६२औँ राष्ट्रिय बालदिवसको सन्दर्भमा सरकार, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार तथा निजीक्षेत्र एवं प्राज्ञिक समूहबाट बालबालिकाको लागि न्याय, सुरक्षा र राजनीतिक नागरिक पहिचान र मर्यादाको साझा संकल्प आवश्यक छ।

(लेखक राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक, डिफेन्स फर चिल्ड्रेन इन्टरनेसनलका राष्ट्रिय संयोजक एवं ग्लोबल मार्च अगेन्स्ट चाइल्ड लेबरका दक्षिण एसिया संयोजक हुन्।) शिलालेखबाट

# वन अधिकृत पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, २९ भदौ। सामुदायिक वन उपभोक्ता समितिको काठ लगत समर्थन तथा लिलाम सहमति सिफारिस पत्र दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको अभियोगमा डिभिजन वन कार्यालय, उदयपुरका योजना शाखा प्रमुख (सातौँ तह) भुवन पौडेलविरुद्ध आरोपपत्र दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार पौडेलले काठको लगत समर्थन तथा लिलाम सहमति सिफारिस गरिदिए बापत सेवाग्राहीसँग १५ हजार रुपियाँ घुस माग गरी दुःख दिनुभएको थियो। नियतबस आलटाल गरी बदनियतपूर्ण तवरले १५ हजार रुपियाँ घुस/रिसवत लिइसकेको अवस्थामा आयोगको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले निजलाई नियन्त्रणमा लिएको थियो।

अनुसन्धानका क्रममा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर पुष्टि भएको जनाउँदै आयोगले सोमबार विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको हो।

आयोगले पौडेलविरुद्ध १५ हजार रुपियाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना सजायको मागदाबी लिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

## *गोलबजारमा १२ ...*

रहेको, तर परापूर्वकालदेखि गाउँबस्ती रहेको प्रमाणित हुने आधार भएको क्षेत्र वा शुरु नापी हुँदा गाउँब्लक क्षेत्र ठूलो भएको कारणबाट कित्ता कायम नगरिएको, तर नक्साको मार्जिनमा गाउँ, नगर, बजार वा शहरी ब्लक कायम भएको ब्यहोरा उल्लेख भई उक्त ब्लकको वरिपरिका नक्साहरु जोडी भिडाउँदा ब्लकको स्वरुप देखिने र परापूर्वकालदेखि बस्तीको रुपमा रहेको ब्लक क्षेत्र वा नेपाल सरकारको निर्णयबाट गाउँब्लक क्षेत्र भनी निर्धारण गरिएको क्षेत्रलाई गाउँब्लक भनिएको छ।

## *लहान सुनचाँदी...*

सरकारको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। साधारणसभामा इलाका प्रहरी कार्यालय लहानका इन्चार्ज डीएसपी, जिल्ला उद्योग वाणिज्य संघ सिरहा–लहानका अध्यक्ष प्रदीप गुप्ता, नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय सदस्य विकास सारडा, केन्द्रीय सदस्य दिनेशलगायतको उपस्थिति रहेको थियो।

त्यस्तै, लहान नगरपालिका–७ का वडाध्यक्ष राम औतार शर्मा लगायत व्यवसायी तथा संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा संघको वार्षिक गतिविधि, व्यवसायीका समस्या तथा सुनचाँदी व्यवसायको समसामयिक विषयमा छलफल गरिएको थियो। सहभागीहरूले व्यवसायीको सुरक्षा, व्यवसाय सञ्चालनमा देखिएका चुनौती तथा संघलाई थप व्यवस्थित र प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए।

१३औं वार्षिक साधारणसभा संघको संस्थागत विकास र व्यवसायीको हकहितका विषयमा महत्वपूर्ण निर्णय तथा प्रतिबद्धतासहित भव्य रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ।

## *सिरहाबाट ...*

गोलबजारस्थित इलाका प्रहरी कार्यालय र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालयबाट खटिएको संयुक्त टोलीले लागुऔषधसहित चारजनालाई नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार टोलीले मुनेश्वरको घरमा खानतलासी गर्दा उनले लगाएको पाइन्टको खल्तीबाट प्लास्टिकको पोकामा लुकाएको ब्राउनसुगरजस्तो पदार्थ बरामद भएको थियो। उनीहरूको साथबाट नगद दुई हजार ५९५ रुपैयाँ, पाँच थान मोबाइल, एक थान डिजिटल तराजु बरामद भएको जानकारी दिँदै प्रहरीले पक्राउ गरिएकाहरूलाई गोलबजार ल्याएर थप अनुसन्धान गरिरहेको जनाएको छ।

**९८७ ग्रामभन्दा बढी ब्राउनसुगर बरामद**

सिरहा प्रहरीका अनुसार पछिल्लो आर्थिक वर्ष०८२/८३ को साउनदेखि गत असारसम्म १२ महिनाको अवधिमा जिल्लाका विभिन्न ठाउँबाट ९८७ ग्राम ३९ मिलिग्राम ब्राउनसुगर, नाइट्रभेट्, ३० क्विन्टल ७३ किलो ४२९ ग्राम गाँजा, डाइजिपाम, बुप्रेनर्फिन, नाइट्राजिपाम, कोडिवेललगायतका लागुऔषधसहित १९५ जनालाई पक्राउ गरी १२६ वटा मुद्दा चलाइएको छ। प्रहरी तथ्यांकअनुसार गत साउन महिनामा जिल्ला प्रहरीसहित मातहतका विभिन्न प्रहरी युनिटहरूबाट खटिएको गस्ती टोलीले १६ जनालाई प्रतिबन्धित लागुऔषधसहित पक्राउ गरेको र लागुऔषध ओसारपसार सम्बन्धी आठवटा मुद्दा चलाइएको छ। उक्त अवधिमा २५० ग्राम ४२ मिलिग्राम ब्राउनसुगर, सात क्विन्टल ९४ किलो ७१५ ग्राम गाँजा र १३ बोतल औषधिजन्य लागुऔषध अनरेक्स–१०० एमएल बरामद भएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

# दुई जना सीडीओसहित ८ अधिकारीलाई कारबाही सिफारिस



काठमाडौँ, २९ भदौ। सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएको घटनाबारे छानबिन गर्न गठित दुईवटा समितिले छानबिन सकेर प्रतिवेदन बुझाएको करिब १ महिना भएको छ। दुई वटै समितिले भदौ २ मा गृहमन्त्री सुधन गुरुङलाई प्रतिवेदन बुझाएका थिए। प्रतिवेदन अहिलेसम्म कार्यान्वयनमा गएको छैन। प्रतिवेदन सार्वजनिक पनि गरिएको छैन। गृह मन्त्रालयका अधिकारीहरू प्रतिवेदन अध्ययनको चरणमा रहेको बताउँछन्। दुई समुदायको बिचमा भएको विवाद सुरु भएपछि भएको झडपमा परेर सुनसरीको देवानगञ्ज गाउँपालिका–३ स्थित कप्तानगञ्जमा ३ जनाले ज्यान गुमाए। साउन १० मा भएको सो घटनाको असर मधेस प्रदेशको सिरहामा पनि फैलियो।

साउन १४ मा सिरहाको गोलबजारमा प्रदर्शन हुँदा प्रहरीसँगको झडपमा परेर १८ वर्षीय गणेश यादवले ज्यान गुमाए। दुवै घटनाका मृतकहरूलाई सरकारले सहिद घोषणा गरेको छ। कप्तानगञ्जको झडपमा मृत्यु हुनेमा ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता र २२ वर्षीय रविन्द्र मेहता छन्। चारै जनाको मृत्यु 'सुरक्षाकर्मीको गोली लागेर' भएको छानबिन समितिको निष्कर्ष छ। कप्तानगञ्ज घटनाबारे सहसचिव भूपेन्द्र थापा र गोलबजारमा भएको घटनाबारे गृह मन्त्रालयकै अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो।

दुवै समितिले सुरक्षाकर्मीकै गोलीबाट मानवीय क्षति भएको निष्कर्ष निकालेका छन्। समितिले दुई जना प्रमुख जिल्ला अधिकारी सहितका सुरक्षा कमान्डरहरूलाई कारबाही गर्न सिफारिस गरेको छ। सुनसरीका तत्कालीन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे र सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई कारबाही गर्न समितिले सिफारिस गरेको छ। सुरेन्द्र पौडेललाई घटनापछि त्यहाँबाट सरुवा गरिएको थियो। कप्तानगञ्ज घटनामा सुरक्षा व्यवस्थापनमा चुकेको भन्दै समितिले इलाका प्रहरी कार्यालय देवानगञ्जका तत्कालीन इन्स्पेक्टर राकेश राई, जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी चन्द्र खड्का र सशस्त्र प्रहरीका डीएसपी नन्दकिशोर महतलाई कारबाही गर्न सिफारिस गरिएको छ। गृह मन्त्रालयका एक जना उच्च अधिकृत भन्छन्, 'प्रमुख जिल्ला अधिकारी र सुरक्षा कमाण्डहरुलाई विभागिय कारबाही गर्न समितिले सिफारिस गरेको छ।'

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, एसपी बासु पाठक, डीएसपी रमेश पाल र इलाका प्रहरी कार्यालय गोलबजारका तत्कालीन इन्स्पेक्टर सुदन केसीलाई कारबाही गर्न सिफारिस गरिएको छ। इन्स्पेक्टर केसीलाई अहिले त्यहाँबाट सरुवा गरिएको छ। समितिले कारबाहीको प्रकृति तोकेको छैन। गृह मन्त्रालयका एक जना उच्च अधिकारीका अनुसार 'विभागीय कारबाही' गर्न समितिले भनेको छ। सिरहामा प्रहरीले ७ राउण्ड हवाई फायर र दुई राउण्ड गोली प्रदर्शनकारी तर्फ फायर गरेको छानबिन समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। कप्तानगञ्जमा नेपाल प्रहरी र सशस्त्रले चलाएको गोली लागेर ३ जनाको मृत्यु भएको छानबिनबाट देखिएको छ। कप्तानगञ्जमा कुल २० राउण्ड गोली चलेको भेटिएको छ।

कप्तानगञ्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाश कुमार श्रेष्ठ खटिएका थिए। दुवै समुदायका मानिसहरूले उनीहरूलाई चिर्पट, ढुङ्गा, बाँस र लाठी मार्फत आक्रमण सुरु गरेपछि घटनास्थलमा सशस्त्र प्रहरी परिचालन गरिएको थियो।

घटनास्थलमा इन्स्पेक्टर राईले गोली चलाएको छानबिनबाट देखिएको छ। पछि सशस्त्रका सुरक्षाकर्मीले पनि गोली चलाएको र मानवीय क्षति भएको छानबिन समितिको निष्कर्ष छ। सिरहाको गोलबजारमा सशस्त्र प्रहरीले गोली चलाएको भेटिएको छैन। गोलबजारमा प्रहरीले चलाएको गोली लागेर गणेश यादवको मृत्यु भएको छानबिन समितिको निष्कर्ष छ।

गृह मन्त्रालयका एक जना उच्च अधिकृतका अनुसार गोलबजारमा ७ राउण्ड 'डमी राउण्ड' र पेस्तोलबाट २ राउण्ड गोली चलेको भेटिएको छ। गोलबजारमा प्रहरीका इन्स्पेक्टर सुदन केसी भिड नियन्त्रणमा खटिएका थिए। उनले बोकेको पेस्तोलबाट गोली चलेको छानबिन निष्कर्ष छ। प्रदर्शनकारीको मृत्यु भएपछि प्रहरी प्रधान कार्यालयले साउन १५ मा केसीलाई त्यहाँबाट हटाएको थियो। दुवै जिल्लामा झडप हुँदा भिडबाट पनि गोली चलाइएको अफवाह फैलिएको थियो। तर, छानबिन समितिले सुरक्षाकर्मी भन्दा बाहेक अन्यत्रबाट गोली चलेको नदेखिएको रिपोर्टमा उल्लेख गरेको छ।

# वीरगन्जका निलम्बित मेयर सिंहले पाए भ्रष्टाचार मुद्दामा सफाई, मेयरमा पुनःबहाली



क्रान्ति शाह

वीरगन्ज, २९ भदौ। वीरगन्ज महानगरपालिकाका निलम्बित मेयर राजेशमान सिंहले भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट सफाई पाएका छन्। विशेष आदालतमा सोमबार भएको बहसपछि न्यायाधीशत्रय बासुदेव आचार्य,हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले उक्त मुद्दामा सिंहसहित ७ जनालाई सफाई दिएको हो अदालतको उक्त आदेशसँगै सिंहको निलम्बनमा परेको मेयर पद संवत् फुकुवा भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते विशेष अदालतमा सिंहले अर्काको छोरीलाई आफ्नो छोरी भन्दै झूटो विवरणका आधारमा नागरिकता दिलाएको ठहरसहित सिंहसहित ७ जनाविरुद्ध मुद्दा दायर गरेको थिएन। उक्त मुद्दा दायर भएसँगै सिंह मेयर पदबाट निलम्बनमा परेका थिए।

विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएपछि सार्वजनिक पदमा भएका व्यक्तिको पद निलम्बन हुने कानुनी व्यवस्था अनुसार गत जेठ २५ गतेदेखि उनि निलम्बनमा परेका थिए। सिंहले सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका–१० की रिता भट्टराईकी छोरीलाई आफ्नै छोरी 'रुविना श्रेष्ठ' कायम गरी नागरिकता दिलाएको आरोप अख्तियारको थियो। तर सिंहले भने भट्टराई आफ्नो दोस्रो श्रीमती भएको भन्दै दाबी गर्दै आएका छन्।

विशेष अदालतमा अख्तियारले सिंहसँगै वीरगन्ज–३ का तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन कार्यवाहक वडा अध्यक्ष तुफैल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षड कुमार पोखेल, गृहमन्त्रालयका तत्कालीन उपसचिव पुष्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेलविरुद्ध पनि मुद्दा दायर गरेको थियो।

# प्रधानमन्त्री भन्छन् : राष्ट्रको सुखद भविष्यका लागि बालबालिकामा लगानी

काठमाडौँ, २९ भदौ। प्रधानमन्त्री वालेन्द्र शाहले बालबालिकामा गरिने लगानी राष्ट्रको सुखद भविष्यका लागि भएको बताएका छन्। राष्ट्रिय बाल दिवस, २०८३ को अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री शाहले देशभित्र तथा विदेशमा रहेका सम्पूर्ण नेपाली बालबालिकामा सुख, समृद्धि, सुस्वास्थ्य, सफलता, बालमैत्री वातावरण र उत्कृष्ट भविष्यको हार्दिक शुभकामना व्यक्त गरेका छन्।

'बालअधिकारको सम्मान, संरक्षण र प्रवर्धनमा निरन्तर क्रियाशील अभिभावक, शिक्षक, जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, विकास साझेदार, सञ्चारजगत् तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक सम्मान व्यक्त गर्दछु,' उनले भनेका छन्। यस वर्ष 'बालापनको रक्षास्, भविष्यको सुरक्षा'भन्ने राष्ट्रिय नाराका साथ यो दिवस मनाइँदैछ। यस वर्षको नाराले बालबालिकाको वर्तमान सुरक्षित र अधिकारसम्पन्न बनाएर मात्र राष्ट्रको समृद्ध भविष्य निर्माण गर्न सकिन्छ भन्ने गहन सत्यलाई जोड दिएको प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्रका रूपमा अनुमोदन गरी भेदभावरहित, सर्वोत्तम हित, जीवन–बाँच्न र विकास पाउने अधिकार तथा विचार व्यक्त गर्ने अधिकारमा आधारित सिद्धान्तप्रति अन्तरराष्ट्रिय प्रतिबद्धता जनाएको छ। ती मूल्य–मान्यतालाई नेपालको संविधानको धारा ३९ ( बालबालिकाको हक), राष्ट्रिय बालबालिका नीति, २०८० र बालबालिका सम्बन्धी ऐन, २०७५ ले मौलिक हक तथा कानुनी अधिकारका रूपमा सुदृढ ढङ्गले सुनिश्चित गरेको प्रधानमन्त्रीले बताउनुभएको छ।

'अबको हाम्रो मुख्य प्राथमिकता यी संवैधानिक तथा कानुनी अधिकारहरूलाई प्रत्येक बालबालिकाको दैनिक जीवनमा वास्तविक अनुभूति गराउनु हो। यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व बहन आवश्यक छ,' प्रधानमन्त्रीले सन्देशमा भनेका छन्। 'संघले राष्ट्रिय नीति, कानुनी तथा संस्थागत आधारलाई सुदृढ बनाउने, प्रदेशले समन्वय र सेवाको विस्तार गर्ने, स्थानीय तहले बालबालिकाको सबैभन्दा नजिकको सरकारका रूपमा जोखिम पहिचान, संरक्षण, सेवा प्रवाह र बालमैत्री वातावरण निर्माण गर्ने गरी तीनै तहको प्रयासलाई एउटै परिणाममुखी दिशामा जोड्न आवश्यक छ', सन्देशमा भनिएको छ।

# जलवायु अनुकूलनका अनुभव आदान–प्रदान गर्न मुख्यमन्त्री यादव मनिला प्रस्थान

महोत्तरी, २९ भदौ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव जलवायु परिवर्तनका कारण प्रदेशले भोगिरहेको जोखिम, अनुकूलनका उपाय तथा सम्भावित लगानीका विषयमा अन्तर्राष्ट्रिय अनुभव आदान–प्रदान गर्न फिलिपिन्सको राजधानी मनिला प्रस्थान गर्नुभएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादवसँगै कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव पनि मनिला जानुभएको छ। उहाँहरू सेप्टेम्बर १५ र १६ मा आयोजना हुने 'थर्ड क्लाइमेट एडप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फोरम–२०२६' मा सहभागी हुनुहुनेछ।

मुख्यमन्त्री यादव र निर्देशक यादव गत राति थाइ एयरमार्फत मनिला प्रस्थान गर्नुभएको हो। उहाँहरूको भ्रमणबाट नेपाल सरकार तथा मधेश प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने बताइएको छ। जलवायु परिवर्तनका कारण मधेश प्रदेश पछिल्लो समय बाढी, डुबान, सुख्खा, अत्यधिक गर्मी, कृषि उत्पादनमा अस्थिरता तथा भूमिगत पानीको सतहमा आएको परिवर्तनजस्ता बहुआयामिक जोखिमको सामना गरिरहेको छ। यसले कृषि, खानेपानी, जनस्वास्थ्य तथा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ।

विशेषगरी कृषिमा निर्भर मधेशमा अनियमित वर्षा, समयमा पानी नपर्नु, एकैपटक अत्यधिक वर्षा हुनु तथा लामो समयसम्म खडेरी पर्नेजस्ता घटनाले उत्पादन प्रणालीलाई जोखिममा पारेका छन्। बाढी र डुबानका कारण खेतीयोग्य जमिन तथा बालीमा क्षति हुने गरेको छ भने गर्मी र सुख्खाले कृषि तथा खानेपानीमा थप दबाब सिर्जना गरेको छ। मनिलामा आयोजना हुने फोरममा जलवायु अनुकूलनका अन्तर्राष्ट्रिय अभ्यास, लगानीका सम्भावना तथा विभिन्न देश र सरकारबीच सहकार्यका विषयमा छलफल हुने बताइएको छ। फोरममार्फत मधेश प्रदेशले आफ्ना जलवायु जोखिम तथा अनुकूलनका प्राथमिकता अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने अवसर प्राप्त गर्ने अपेक्षा गरिएको छ।

भ्रमणका क्रममा बाढी तथा डुबान नियन्त्रण, पानी संरक्षण, सिँचाइ प्रणालीको सुधार, जलवायु अनुकूल कृषि प्रविधि, भूमिगत पानीको संरक्षण र अत्यधिक गर्मीबाट हुने जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक ज्ञान, प्रविधि तथा लगानीका सम्भावनाबारे अनुभव आदान–प्रदान हुने अपेक्षा गरिएको छ। नेपाली कांग्रेसका नेता चन्द्रशेखरकुमार यादवले मधेशले जलवायु परिवर्तनबाट भोगिरहेको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै अनुकूलन तथा जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी र सहकार्यको सम्भावना खोज्न भ्रमण उपयोगी हुने बताउनुभयो।

"मधेशका लागि जलवायु परिवर्तन अब भविष्यको सम्भावित जोखिम मात्र नभई वर्तमानकै चुनौती बनिसकेको छ," उहाँले भन्नुभयो, "बाढी, डुबान र सुख्खासँगै कृषि तथा खानेपानी क्षेत्रमा परेको असरलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय अनुभव र लगानी उपयोगी हुन सक्छ।" उहाँका अनुसार जलवायु परिवर्तनलाई विपद् व्यवस्थापनमा मात्र सीमित नगरी कृषि रूपान्तरण, खानेपानी, सिँचाइ, पूर्वाधार, सहरी योजना तथा दिगो विकाससँग जोडेर अघि बढाउन आवश्यक छ। मधेशमा जलवायु अनुकूलनका लागि बाढी नियन्त्रण तथा पानी संरक्षणका संरचना, सिँचाइ प्रणालीको आधुनिकीकरण, जलवायु अनुकूल कृषि प्रविधि र भूमिगत पानी संरक्षणलगायत क्षेत्रमा थप लगानी आवश्यक देखिएको छ।

अन्तर्राष्ट्रिय फोरमबाट प्राप्त ज्ञान, प्रविधि र सहकार्यका अवसरलाई प्रदेशको नीति, योजना तथा बजेटमा समेटेर कार्यान्वयन गर्न सके मात्र भ्रमणको उपलब्धि प्रदेशले प्रत्यक्ष रूपमा हासिल गर्न सक्ने देखिन्छ। त्यसका लागि फोरममा प्रस्तुत हुने विषय र प्राप्त हुने अवसरलाई प्रदेशका जलवायु अनुकूलन प्राथमिकतासँग जोड्नु महत्वपूर्ण हुनेछ। मधेशमा जलवायुजन्य जोखिम बढ्दै गएकाले 'अनुकूलनका लागि लगानी' लाई विकास योजनाको अभिन्न हिस्साका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)